
# स्वागत छ
# खाजो शहरमा



（TM)こいのぼりマン

तपाईहरु बस्नुभएको देश या ठाउ संग जापानको जिबनयापन सम्बन्धि नियम या म्यानर अलग छ।

जापान(खाजो शहर)मा तपाईहरु र जापानिज नागरिकहरु पनि ढुक्क अनि सुरक्षित जीबनयापन गर्नको लागि यो सेट अनिबार्य हेर्नुहोस।



# बिबिध भाषामा भएका जानकारी सम्बन्धि वेबसाइट

## जीबनयापन सम्बन्धि सम्पूर्ण

### बिदेशी नागरिकहरुको लागि सहयोगी पोर्टल साइट 【इम्मिग्रेशन】

जापानमा जिबन यापन गर्नको लागि आवश्यक जानकारी विभिन्न भाषामा हेर्न सकिन्छ।

(होमपेज हेर्ने बेलामा प्रयोग गर्ने उपकरणको भाषा सेटिंग अनुसार अटोमेटिक ट्रान्सलेशन हुन्छ)

### जीबनयापन・काम सम्बन्धि गाइड बुक【इमिग्रेशन】

जापानमा ढुक्कसाथ जीबनयापन गरी, काम गर्नको लागि जानकारी लेखिएको छ।

### जीबनयापन ओरेन्टेशन भिडियो【इमिग्रेशन】

जापानको जीबनयापन नियम आदि चिनाउने भिडियो हो।

### TSUNAHIRO(चुनागारू हिरोगारू निहोंगो दे नो कुरासी अर्थात् जोड्ने विस्तार हुने जापानिज भाषाको बसाँई)

[जीबनयापन गर्ने बिदेशी नागरिकको लागि जापानीज भाषा सङ्ग्रह][शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालय]

जापानको बसाइमा धेरै प्रयोग हुने जापानीज भाषा अध्ययन गर्न सकिन्छ।

## विदेशी नागरिकको जीबनयापन गाइड【साइतामा प्रिफेक्चर】

साइतामा प्रिफेक्चरले तयार पारेको बिदेशी नागरिकहरुको लागि काम लाग्ने जीबनयापन सम्बन्धि जानकारीमुलक गाइड बुक हो।

## JP-MIRAI पोर्टल【सार्बजनिक सस्था JP-MIRAI】

बिदेशी नागरिक जापानमा बस्न・काम गर्नको लागि काम लाग्ने जानकारीको साइट हो।

# आपतकालीन स्वास्थ्य उपचार

## बिदाको दिन・रातिको समयमा उपचार स्थल【खाजो शहर होमपेज】

बिदाको दिन・रातिको अस्पताल जान मिल्ने अस्पताल थाहा पाउन सकिन्छ।

※अस्पताल जानु अघि अनिवार्य फोन गरी अस्पतालको स्टाफको निर्देशन पालना गर्नुहोला।

※अटोमेटिक ट्रांस्लेशन सिस्टम प्रयोग बाट विभिन्न भाषामा हेर्न सकिन्छ।

# रोजगारी・श्रम

## बैदेशिक कामदारहरुको लागि सल्लाह लिन सकिने सस्था【स्वास्थ्य श्रम तथा कल्याण मन्त्रालय】

बिदेशी कामदारहरुले सल्लाह लिनको लागि डायल, सल्लाह कर्नरको ठेगाना, सम्पर्क नम्बर थाहा पाउन सकिन्छ।

## प्रकोप बाट जोगिनको लागी【खाजो शहर होम पेज】

※अटोमेटिक ट्रांस्लेशन सिस्टम प्रयोग बाट विभिन्न भाषामा हेर्न सकिन्छ।

### भुइचालो आएमा

जापान विश्वमै सबै भन्दा धेरै भुइचालो जाने देश हो।
भुइचालोको बारेमा बुझेर राख्नुहोस।



### ठुलो पानि या ताइफु अर्थात् आधी आउदाको तयारी

खाजो शहरमा ठुलो खोला 3वटा छन।
ताइफु आउदा या ठुलो पानि पर्दा सुरक्षित स्थानको व्यवस्था गरौं।



### सुरक्षित स्थानको ख्याल राखौं

「खाजो शहर प्रकोप नियन्त्रण नक्शा」मा,
सुरक्षित स्थान हेर्नुहोस।

※6 मुलुकको भाषा(अन्ग्रेजी भाषा・चाइनिज भाषा・कोरियन भाषा・पोर्चुगीस भाषा・भियतनामी भाषा・स्पेन भाषा)मा व्यवस्था गरिएको छ।

## ※ध्वनि प्रदुषण प्रति सचेत रहौं※



बिशेष गरि अपार्टर्टमेन्ट या मान्सोनमा ठुलो स्वर या आवाज नानिकालौं।

- × ठुलो आवाजमा बोल्ने
- × ठुलो आवाजमा म्युजिक सुन्ने या हेर्ने
- × घर भित्र दौडिने
- × पार्टी गरि गाउने नाच्ने आदि
- × गितार आदि म्युजिकल इन्स्ट्रूमेन्टहरु चलाउने
- × बिहान सबेरै समय या राति अबेर बेलामा लुगा धुने, सफा गर्ने भ्याकुम चलाउने,नुहाउने

खाजो शहर

# खाजो शहर
# फोहोर छुट्याउने·फाल्ने तरिका



विभिन्न भाषामा जानकारी प्रशारण गर्ने टुल(Catalog Pocket)बाट हेर्न सकिन्छ।

खाजो क्षेत्र

किसीई क्षेत्र

किता खावाबे क्षेत्र

ओतोने क्षेत्र

प्रत्येक क्षेत्रको ठाउको नाम पछाडी उल्लेख गरिएको छ।

## खाजो क्षेत्र

| ठाउँको नाम | अँग्रेजीमा |
|---|---|
| 中央(ちゅうおう) | Chuo |
| 本町(ほんちょう) | Honcho |
| 元町(もとまち) | Motomachi |
| 南町(みなみちょう) | Minamicho |
| 富士見町(ふじみちょう) | Fujimicho |
| 東栄(とうえい) | Toei |
| 久下(くげ) | Kuge |
| 不動岡(ふどおか) | Fudoka |
| 下谷(しもや) | Shimoya |
| 岡古井(おかふるい) | Okafurui |
| 大門町(だいもんちょう) | Daimoncho |
| 諏訪(すわ) | Suwa |
| 向川岸町(むこうがしちょう) | Mukogashicho |
| 睦町(むつみちょう) | Mutsumicho |
| 浜町(はまちょう) | Hamacho |
| 上三俣(かみみつまた) | Kamimitsumata |
| 下三俣(しもみつまた) | Shimomitsumata |
| 三俣(みつまた) | Mitsumata |
| 北小浜(きたこばま) | Kitakobama |
| 多門寺(たもんじ) | Tamonji |
| 北篠崎(きたしのざき) | Kitashinozaki |
| 土手(どて) | Dote |
| 愛宕(あたご) | Atago |
| 礼羽(らいは) | Raiha |
| 馬内(もうち) | Mouchi |
| 川口(かわぐち) | Kawaguchi |
| 南大桑(みなみおおくわ) | Minamiokuwa |
| 南篠崎(みなみしのざき) | Minamishinozaki |
| 花崎(はなさき) | Hanasaki |
| 花崎北(はなさききた) | Hanasakikita |
| 鳩山町(はとやまちょう) | Hatoyamacho |
| 大桑(おおくわ) | Okuwa |
| 水深(みずぶか) | Mizubuka |
| 北辻(きたつじ) | Kitatsuji |
| 今鉾(いまぼこ) | Imaboko |
| 割目(わりめ) | Warime |
| 油井ケ島(ゆいがしま) | Yuigashima |
| 常泉(つねずみ) | Tsunezumi |
| 南小浜(みなみおばま) | Minamiobama |
| 下高柳(しもたかやなぎ) | Shimotakayanagi |
| 船越(ふなこし) | Funakoshi |
| 大室(おおむろ) | Omuro |
| 下樋遣川(しもひやりかわ) | Shimohiyarikawa |
| 上樋遣川(かみひやりかわ) | Kamihiyarikawa |
| 中樋遣川(なかひやりかわ) | Nakahiyarikawa |
| 戸川(とがわ) | Togawa |
| 町屋新田(まちやしんでん) | Machiyashinden |

## किसीई क्षेत्र

| | | | |
|---|---|---|---|
| 騎西(きさい) | Kisai | 戸室(とむろ) | Tomuro |
| 外川(そとかわ) | Sotokawa | 西ノ谷(にしのや) | Nishinoya |
| 下崎(しもさき) | Shimosaki | 鴻茎(こうぐき) | Koguki |
| 上崎(かみさき) | Kamisaki | 芋茎(いもぐき) | Imoguki |
| 内田ケ谷(うちたがや) | Uchitagaya | 牛重(うしがさね) | Ushigasane |
| 外田ケ谷(そとたがや) | Sototagaya | 根古屋(ねごや) | Negoya |
| 道地(どうち) | Dochi | 上高柳(かみたかやなぎ) | Kamitakayanagi |
| 下種足(しもたなだれ) | Shimotanadare | 日出安(ひでやす) | Hideyasu |
| 中種足(なかたなだれ) | Nakatanadare | 正能(しょうのう) | Shono |
| 上種足(かみたなだれ) | Kamitanadare | 戸崎(とさき) | Tosaki |
| 中ノ目(なかのめ) | Nakanome | | |

## किता खावाबे क्षेत्र

| | |
|---|---|
| 飯積(いいずみ) | Iizumi |
| 麦倉(むぎくら) | Mugikura |
| 柳生(やぎゅう) | Yagyu |
| 小野袋(おのふくろ) | Onofukuro |
| 柏戸(かしわど) | Kashiwado |
| 向古河(むかいこが) | Mukaikoga |
| 伊賀袋(いがふくろ) | Igafukuro |
| 駒場(こまば) | Komaba |
| 栄(さかえ) | Sakae |
| 本郷(ほんごう) | Hongo |
| 陽光台(ようこうだい) | Yokodai |

## ओतोने क्षेत्र

| | |
|---|---|
| 旗井(はたい) | Hatai |
| 中渡(なかわた) | Nakawata |
| 新川通(しんかわどおり) | Shinkawadori |
| 外記新田(げきしんでん) | Gekishinden |
| 弥兵衛(やへえ) | Yahee |
| 佐波(ざわ) | Zawa |
| 砂原(すなはら) | Sunahara |
| 細間(ほそま) | Hosoma |
| 道目(どうめ) | Dome |
| 琴寄(ことより) | Kotoyori |
| 北下新井(きたしもあらい) | Kitashimoarai |
| 北平野(きたひらの) | Kitahirano |
| 間口(まくち) | Makuchi |
| 新井新田(あらいしんでん) | Araishinden |
| 北大桑(きたおおくわ) | Kitaokuwa |
| 阿佐間(あざま) | Azama |
| 生出(おいで) | Oide |
| 杓子木(しゃくしぎ) | Shakushigi |
| 松永新田(まつながしんでん) | Matsunagashinden |
| 新利根(しんとね) | Shintone |
| 豊野台(とよのだい) | Toyonodai |

| | |
|---|---|
| 古川(ふるかわ) | Furukawa |
| 志多見(しだみ) | Shidami |
| 平永(ひらなが) | Hiranaga |
| 阿良川(あらかわ) | Arakawa |
| 串作(くしつくり) | Kushitsukuri |
| 外野(そとの) | Sotono |
| 大越(おおごえ) | Ogoe |

# जिचीखाई अर्थात स्थानीय बासिन्दा संघमा सम्मिलित होऔं।

**खाजो शहर जिचीखाई सहयोग संगठन संघ・खाजो शहर**

**जिचीखाई संघको उद्देश्य स्थानीय बासिन्दाहरूलाई आपसी सहयोग र सद्भावको साथ संगै बस्न योग्य समुदाय सिर्जना गर्नु हो।**



**रेड्वा भन्दा अघिल्लो बर्षको १९औं आँधीका कारण मानिसहरु सुरक्षित स्थानमा सार्न यहाको स्थानीय बासिन्दा संघले प्रमुख भूमिका खेलेको थियो।**

**खाजो शहरभित्र बस्ने बासिन्दाहरुको लगभग असी प्रतिशत बासिन्दाहरु स्थानीय बासिन्दा संघमा प्रवेश गरेका छन।**




## स्थानीय बासिन्दा संघले यस्ता क्रियाकलापहरु गरिरहेको छ।

स्थानीय बासिन्दा संघले के के काम गर्छ थाहा छैन। त्यसैले यसमा संलग्न हुन दोधारमा त पर्नु भएको छैन? स्थानीय बासिन्दा संघको सबै जना मिलेर यहाको क्षेत्रको लागि हुने विभिन्न गतिबिधि संचालन गर्दै आएको छ।



वातावरणीय सौन्दरीयकरण गतिबिधि
- फोहोर टिप्ने
- झार या घास काट्ने

अपराध रोकथाम・प्रकोप रोकथाम गतिविधिहरू
- बालबालिका अनुगमन गतिबिधि
- क्षेत्रीय विपद् रोकथाम अभ्यास आदि।





यसको अतिरिक्त, चाडपर्व र मनोरञ्जनात्मक गतिविधि, साथै जानकारी प्रदान गर्ने जस्ता स्थानीय संग अन्तरक्रिय गर्ने गतिविधिहरू पनि गर्छन।

**स्थानीय बासिन्दा संघमा प्रवेश गरि राम्रो भयो भन्ने लागेको छ?**

- गर्मी महिनामा हुने महोत्सव र खेलकुद इभेन्टहरूमा यहाको स्थानीयहरूसँग अन्तरक्रिया गर्न सकिन्छ।
- फोहोर उठाउने र झारपात काट्ने क्रममा,स्थानीय मानिसहरूसँग कुराकानी गर्ने धेरै अवसरहरू मिल्यो।
- स्थानीय व्यक्तिहरु चिन्नुको साथै विभिन्न विषयमा सल्लाह माग्न सक्नुहुन्छ।
- छिमेकमा परिचित अनुहार हुना पनि अपराध रोक्न मद्दत हुन्छ।
- सबैजना बालबालिकाको सुरक्षाको लागि लागिपर्ने हुनाले ढुक्क।
- विभिन्न मानिसहरूसँग कुराकानी गर्न पाउनुको साथै यस क्षेत्रको बारेमा धेरै कुरा सिकाई दिन्छन।
- बालबालिकाको बारेमा जानकारी सजिलै उपलब्ध हुने।



**यदि तपाईं प्रवेश गर्न चाहनुहुन्छ भने, कृपया पछाडिको आवेदन फारम प्रयोग गर्नुहोस्।**

ट्रान्समिशन स्लिप बिना नै फ्याक्स मार्फत पठाउन सक्नुहुन्छ।
पाउनेको ठेगाना　नागरिक सहयोग प्रवर्द्धन विभाग

फ्याक्स　0480－62－5981
Eमेल को खण्डमा　kyodo@city.kazo.lg.jp
（तल उल्लेखित भाग भरेर पठाउनु होस्）।

यो QRकोड बाट अप्प्लाई गर्न सक्नु हुन्छ।

**यदि तपाईंले स्थानीय बासिन्दा संघ एजेन्सी आबेदन फारम बाट फारम भर्नुभयो भने,नगरपालिकाले तपाईंलाई तपाईंको ठाउँको स्थानीय बासिन्दा संघमा पठाउनेछ।**
**दाहिने माथिको ＱＲकोड बाट अप्लाई गर्न सकिन्छ।**

# एजेन्सी मार्फत स्थानीय बासिन्दा संघको सदस्यता आवेदन फारम

रेइवा　　साल　　महिना　　गते

| | | |
|---|---|---|
| **फुरिगाना** | | |
| **नाम** | | |
| **ठेगाना** | खाजो शहर | |
| **टेलिफोन नम्बर** (मोबाइल नम्बर पनि हुने) | － － <br>(उपयुक्त समय तालिका)　　बजे बाट　　बजे सम्म | |
| **अनुरोध बुदाहरु** (कुनै पनि □मा चेक गर्नुहोस) | □ | स्थानीय बासिन्दा संघले आवेदकलाई सम्पर्क गर्ने<br>※सिटी हलले आवेदकको सम्पर्क जानकारी आवेदक बस्ने स्थानीय बासिन्दा संघलाई पठाउने हुनाले,स्थानीय बासिन्दा संघबाटको सम्पर्क पर्खनु होला। |
| | □ | आवेदकले स्थानीय बासिन्दा संघमा सम्पर्क गर्ने<br>※नगरपालिकाले पछि आवेदकलाई छिमेकी संघको सम्पर्क जानकारीको बारेमा जानकारी दिनेछ, त्यसैले सदस्यता प्रक्रिया पूरा गर्न कृपया उनीहरूलाई सिधै सम्पर्क गर्नुहोस्। |

・यदि तपाईंलाई आफ्नो क्षेत्रको स्थानीय बासिन्दा संघ थाहा छ वा त्यहाको अधिकारी चिन्नु हुन्छ भने,आवेदन फारम नभरी सिधै सम्पर्क गर्न सक्नुहुन्छ।
आवेदन फाराममा लेखेको व्यक्तिगत जानकारी,स्थानीय बासिन्दा संघमा प्रवेश हुन सहयोग गर्ने एजेन्सी बाहेकमा प्रयोग गरिने छैन।

| स्थानीय बासिन्दा संघ सम्बन्धि सम्पर्क ठेगाना |
|---|
| खाजो क्षेत्रमा बसोबास गर्नुहने महानुभाबहरु<br>मुख्य भवन, नागरिक सहयोग प्रवर्द्धन विभाग　टेलिफोन 0480－62－1111 |
| किसाई क्षेत्रमा बस्नु हुने महानुभाबहरु<br>सामान्य शाखा कार्यालय क्षेत्रीय विकास डिभिजन,किसाई　टेलिफोन 0480－73－1111 |
| किताखावाबे क्षेत्रमा बस्नु हुने महानुभाबहरु<br>सामान्य शाखा कार्यालय क्षैत्रीय विकास डिभिजन,किताखावाबे　टेलिफोन 0280－62－2111 |
| ओटोने क्षेत्रमा बस्नु हुने महानुभाबहरु<br>सामान्य शाखा कार्यालय क्षेत्रीय विकास डिभिजन,ओटोने　टेलिफोन 0480－72－1111 |

# बिदेशी नागरिकको लागि कर तिर्ने सम्बन्धि गाइड

खाजोसहरमा बसोबास गर्ने बैदेशिक नागरिकहरुमा खाजो सहरको कर भुक्तानी गर्ने तरीका बारे जानकारी।

## 1. खाजो सहरको प्रमुख करको प्रकारहरु

（1） बासिन्दा कर （शहरी कर・प्रिफेक्चरल कर）

प्रत्येक वर्ष जनवरी १ सम्ममा,जापानमा बसोबास गरी निश्चित रकम भन्दा माथि आयआर्जन भएकाहरुले कर तिर्नु पर्छ। कर रकम उक्त ब्यक्तिको अघिल्लो वर्षको आय अनुसार तोकिन्छ।

（2） साना सवारीसाधनको कर

प्रत्येक वर्ष अप्रिल १ देखि, साना सवारी साधन र मोटराइज्ड साइकल भएका वा प्रयोग गर्नेहरूलाई कर लगाइनेछ।

（3） स्थिर सम्पत्ति कर र शहरी योजना कर

प्रत्येक वर्ष जनवरी १ देखि, स्थिर सम्पत्ति (जग्गा, घर, मूल्यह्रास गरिएको सम्पत्ति) भएकाहरूलाई कर लगाइनेछ।

（4） राष्ट्रिय स्वास्थ्य बीमा

आफ्नो रोजगारदाता मार्फत स्वास्थ्य बीमामा दर्ता नभएकाहरू, स्वरोजगारहरू, वा पार्टटाइम काम गर्नेहरूले राष्ट्रिय स्वास्थ्य बीमामा दर्ता हुनुपर्छ र बीमा रकम「राष्ट्रिय स्वास्थ्य बीमा कर」 को रूपमा तिर्नुपर्छ।

## 2. तिर्ने समय

| कर नम्बर/भुक्तानी महिना | अप्रिल | मे | जुन | जुलाई | अगस्ट | सेप्टेम्बर | अक्टोबर | नोभेम्बर | डिसेम्बर | जनवरी | फेब्रुअरी | मार्च |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बासिन्दा कर（सामान्य अर्थात नियमित संकलन）※ | | | पहिलो | | दोस्रो | | तेस्रो | | | चौथो | | |
| साना सवारी साधन कर（प्रकार अनुसार छुट） | | सबै अवधि | | | | | | | | | | |
| सम्पत्ति कर र शहरी योजना कर | | पहिलो | | दोस्रो | | | | | तेस्रो | | चौथो | |
| राष्ट्रिय स्वास्थ्य बीमा कर | | | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौं | छैठौं | सातौं | आठौं | नवौं |

※यदि तपाईंलाई कम्पनीले तलब दिन्छ भने, तपाईंको कम्पनीले तपाईंको तलबबाट निवास कर कटौती गर्न सक्छ र सो कर तिरेको हुन सक्छ (विशेष कटौती)।

तपाईंको कम्पनीले कर तिर्न रकम कटौती अर्थात् लिई रहेको छ छैन अनिबार्य बुझ्नु होला।

## 3. तिर्ने तरीका

तपाईंले आफ्नो कर भुक्तानी सूचना पत्र बोकी तल सूचीबद्ध स्थानहरूमा तोकिएको मिति भित्र भुक्तानी गर्न सक्नुहुन्छ, वा बैंक ट्रान्सफर द्वारा पनि तिर्न सक्नुहुन्छ।

थप जानकारीको लागि, कृपया आफ्नो उपकरणमा अनुवाद प्रयोग गर्नुहोस् र निम्न वेबसाइटमा हेर्नुहोस्।

http://www.city.kazo.lg.jp/soshiki/shuunou/zeikin/5239.html

## ４. कर भुक्तानी बारे प्रश्नोत्तरहरू

Q１. के  जापानीज नागरिक नभए पनि कर तिर्नुपर्छ?

A１. हो। जापानमा बस्ने सबैले जुन राष्ट्रको नागरिक भए पनि कर तिर्नुपर्छ।
तपाईंले तिर्ने कर शिक्षा, सिभिल इन्जिनियरिङ, सामाजिक कल्याण, र स्वास्थ्य उपचार सहित विभिन्न क्षेत्रहरूको परियोजनाको लागि कोषको रूपमा प्रयोग गरिन्छ।

Q２. यदि मैले तोकिएको मिति भित्र कर तिर्न सकिन भने के हुन्छ?

A２. ढिलो शुल्क भुक्तानी मितिको अर्को दिनदेखि भुक्तानी मिति सम्मको दिनहरूको संख्याको आधारमा गणना गरिन्छ, र सो रकम करसँगै तिर्नुपर्छ। यसको अर्थ तपाईंले समयमै भुक्तानी गर्नु हुदा भन्दा बढी रकम तिर्नुपर्नेछ।
कर तिर्नुभएन भने, कर भुक्तानी आदेश पत्र पाउनु हुनेछ र तपाईंको सम्पत्ति जफत गर्ने जस्ता प्रक्रियाहरू लागू हुन सक्छन्। सम्पत्ति जफत गर्नु भनेको बचत र जीवन बीमा जस्ता पुजीलाई कर तिर्न प्रयोग गर्नु हो।

Q３. कर तिर्ने सूचना प्राप्त गरे तर आर्थिक रूपमा अफ्ठेरोमा छु र तत्काल कर तिर्न सक्ने अवस्था छैन।

A３.  यत्तिकै नराखी,तुरुन्तै रिसेप्शन डेस्कमा सल्लाह गर्नुहोस्।
खाजो सिटी हलको मुख्य भवनमा कर परामर्श सेवा सोमबार देखि शुक्रबार सम्म मात्र नभई आइतबार पनि उपलब्ध छ।हप्ताका दिनहरू: बिहान 8:30- साँझ 5:15  आइतबार: बिहान 8:30 - साँझ 5:00

Q４. मलाई लगाइएको कर चित्त बुझेन भने म के गर्न सक्छु?

A４. यदि तपाईंको कर सूचनामा उल्लेख गरिएका विषयहरूमा कुनै आपत्ति छ भने, तपाईंले कर सूचना प्राप्त गरेको दिनबाट तीन महिना भित्र मेयर समक्ष लिखित निबेदन दर्ता गर्न सक्नुहुन्छ।

Q５. कर भुक्तानी प्रमाणपत्र वा आय प्रमाणपत्र प्राप्त गर्न चाहन्छु, मैले के गर्नुपर्छ?

A５. काउन्टरमा बुझाउने वा हुलाक मार्फत आवेदन दिन सक्नुहुन्छ।
कृपया आवेदन फाराम भर्नुहोस् र आवश्यक कागजातहरू पनि बुझाउनुहोस्।

Q６. छिट्टै आफ्नो देश फर्कने योजनामा छु, मैले मेरो कर कसरी तिर्ने?

A６. आफ्नो देश फर्कनु अघि, करको पूरा रकम तिर्ने वा अरु कोहि (कर एजेन्ट) तिर्ने व्यक्ति तोकेर कर कार्यालयलाई जानकारी गर्नुपर्छ।

## ５. सम्पर्क ठेगाना

यदि शहरी करको बारेमा नबुझेका कुराहरु छन् भने, कृपया खाजो सिटी हलको मुख्य भवन (0480-62-1111) मा सम्पर्क गर्नुहोस्।